# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## डीलासैनी गाउँपालिका
## बैतडी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२९
च.नं. ५५८

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,
डीलासैनी गाउँपालिका,
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:०७६।७७
च.नं ५५९

मिति: २०७७।३।२९

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
डिलासैनी गाउँपालिका,बैतडी ।

**कैफियत सहितको राय**

हामीले **डिलासैनी गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.५ करोड ६४ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६९ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ९२ लाख ६२ हजार र पेश्की रु.२ लाख ३७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्योट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( २५ ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# डिलासैनी गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ७ वडा रहेको, ४६ सभा सदस्य, १२५.२८ व.की.मी. क्षेत्रफल, २२९२४ जनसंख्या, सुदूरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहयता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि. नं. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | बिवरण | रकम | | बिवरण | रकम |
| १ | गत बर्षको मौज्दात | ९३७७४७० | १ | चालु खर्च | ६२५२०१७० |
| | क) नगद | | २ | पूजिगत खर्च | ८९३२४०९५ |
| | ख) बैंक | | ३ | सशर्त अनुदान | १३७८९१६४४ |
| २ | राजश्व (आन्तरिक आय) | ६९६४३३ | ४ | समपूरक अनुदान | ७५४०७५५ |
| | क) आन्तरिक राजश्व | | ५ | विशेष अनुदान | ३५४५०३३ |
| | ख) राजश्व वांडफांड (केन्द्र) | ५२९२४३२५ | ६ | फिर्ता | १९१२८८५४ |
| | ग) राजश्व वांडफांड (प्रदेश) | ७०३९१३ | ७ | बहूक्षेत्रीय पोषण कार्यक्रम | १४३६००० |
| ३ | बित्तिय हस्तान्तरण (केन्द्र) | | ८ | सामाजिक सुरक्षा कार्यक्रम | ३७४०४४०० |
| | क) बित्तिय समानीकरण अनूदान | ८७०००००० | ९ | प्र.म. रोजगार कार्यक्रम | ४५२३०३८ |
| | ख) सशर्त अनूदान | १४५४६९००० | १० | स्थानिय निकाय शर्सत पूजिगत | ३७६२००० |
| | ग) समपुरक अनूदान | १६२२७००० | ११ | झोलूंगे पूल क्षेत्रगत कार्यालय | ३५८८५९५ |
| | घ) बिशेष अनूदान | ४२०००००० | १२ | अन्य | १०००१४५ |
| ४ | संघिय अख्तियारी | | १३ | आन्तरीक आय | ४५०००० |
| | १)झोलूंगे पूल क्षेत्रगत कार्यालय | ६०००००० | १४ | प्रदेश सरकार सशर्त अनूदान | ४३८००० |
| | | | १५ | धरौटी | ४५००० |
| | ३)स्थानिय निकाय शसर्त पूजिगत | ३७६२००० | १६ | बांकी मौज्दात | ७५६२७८७ |
| | ४)सामाजिक सूरक्षा कार्यक्रम | ३७४०४४०० | | | |
| | ५)बहूक्षेत्रीय पोषण कार्यक्रम | १४३६००० | | | |
| | ६)गरीवसंग बिश्वेश्वर कार्यक्रम | | | | |
| | ७)प्र.म. रोजगार कार्यक्रम | ४५२५००० | | | |
| ५ | प्रदेश सरकारवाट प्राप्त अनूदान | | | | |
| | क) बित्तिय समानीकरण अनूदान | ६७७४००० | | | |
| | ख) सशर्त अनूदान | | | | |
| | ग) बिशेष अनूदान | | | | |
| | घ) समपुरक अनूदान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ङ) प्रोत्साहन अनुदान | | | | |
| ६ | धरौटी प्राप्त | १०६८७५ | | | |
| ७ | शिक्षाको थप निकाशा प्रदेश | ११३०००० | | | |
| ८ | अन्य आय | २४२४१०० | | | |
| **जम्मा** | | **३८०१६०५१६** | **जम्मा** | | **३८०१६०५१६** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर २०७५ साल आषाढ २५ गते गाउँ सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत भएको देखियो । ऐनमा व्यवस्था भएको समयसीमा भित्र निर्दिष्ट ढाँचामा पारित गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षण**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यन्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचान**: कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालन**: सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरण**: प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **लागत अनुमान/खरिद योजना**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) | |

| | | |
|---|---|---|
| | एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **स्पेशिफिकेशन र मूल्य नखुलाएको:** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ ।<br><br>● **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्व्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>● **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सीमा निर्धारण तथा प्राथमिकिकरणको सन्तुलित विवरणको खाका पेश गरेको देखिएन । आयको प्रक्षेपण समूचित ढंगले गरेको छैन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा | |

| | | |
|---|---|---|
| | दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। समिति गठन नगरेकाले दोहोरोपना नभएको, तादात्म्यता र परिपुरकता मिलेको यकिन गर्ने अवस्था छैन। | |
| ५. | **योजनामा ५ लाखभन्दा कम विनियोजन:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नहुने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी खर्च गरेको छ। यस्ता धेरैजसो वितरण मूखी अनुत्पादक रहेको छ। अत: कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ। | |
| ६. | **स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन। यो वर्ष गाउँपालिकाले १२ मूल कार्यकमका ३१६ सहायक कार्यकम सञ्चालन गरेकोमा ३४ कार्यकममा शन्य प्रगति,३ कार्यकममा २५ प्रतिशत, र ३ कार्यकममा ५० प्रतिशतसम्म प्रगति हासिल गरेको विवरण पेश गरेको छ। शुन्य प्रगति भएका आयोजनाको विवरण पेश भएन। लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |
| ८. | **घटी जिम्मेवारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ। गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.१,५८,४१,०१७८८ आ.ब. २०७५।७६ मा जिम्मेवारी सार्नुपर्नेमा रु.९३,७७,४७०।०८ मात्र जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु.६४,६३,५४७८० यकिन गरी जिम्मेवारी सारी आम्दानी देखाउनु पर्ने देखिन्छ। | |
| ९. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ०.४१ प्रतिशत, दोश्रो चौमासिकमा १७.५९ प्रतिशत र | |

<table>
<tr><td></td><td>तेश्रो चौमासिकमा ८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा १५.७८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।
<table>
<tr><td rowspan="2">क्र.स.</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च (रु.हजारमा)</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>११८०५८</td><td>४९१</td><td>२०७७२</td><td>९६७९३</td><td>१८६३८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.</td><td>कर्मचारी व्यवस्था :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३३ रहेपनि पदपूर्ति २९ रहेको देखियो । अधिकृत सहित १५ पद रिक्त रहेका छन । ति मध्ये ११ जना करारमा राखि कार्य संचालन गरिएको छ। अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>११.</td><td>सशर्त अनुदान- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रु.१४,५४,६९,०००/- शशर्त अनुदान तर्फ निकासा लिई खर्च रु १३,७८,९१,६४४/-गरेकोमा आषाढ मसान्तसम्म खर्च हुन नसकेको रु.७५,७५,३५६/-मध्ये रु ७३,७६,२३६।०० फिर्ता भएको देखिन्छ । गाउँपालिकाले रु.२,०१,१२०।०० खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>२०११२०/-</td></tr>
<tr><td>१२.</td><td>आर्थिक साहयता: आर्थिक साहयताको वितरण स्पस्ट मापदण्ड बनाई लागु गर्न पर्दछ ।यस बर्ष वडा नं ४ का वडा अध्यक्ष परमल सिंह बोहोरालाई रु ४०००००।००आर्थिक साहयता बितरण गरेको छ । केन्द्र सरकारको कार्यविधिसँग मेल नखाने किसिमको आर्थिक सहायता कार्यविधि बनाई कार्यपालिकाबाट निर्णय गरी भुक्तानी दिएको छ । केन्द्र सरकारको कार्यविधि विपरित खर्च लेखेकाले थप व्ययभार परेको रु.........</td><td>४०००००/-</td></tr>
<tr><td>१३.</td><td>राजश्व अभिलेख : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१५.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० अनुसार पेश्की</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको कर्मचारीको नाममा रु.६११८००।०० र पदाधिकारीको नाममा रु.३५०००००।००समेत रु.४१११८००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु..............................
<table>
<tr><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>पद</th><th>विवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>२०७६/१/८</td><td>नविन राना</td><td>सु. प. अ.</td><td>नखुलेको</td><td>५००००</td></tr>
<tr><td>२०७६/१/१७</td><td>नविन राना</td><td>सु. प. अ.</td><td>नखुलेको</td><td>५००००</td></tr>
<tr><td>२०७६/२/२९</td><td>अमरदेव भट्ट</td><td>वडा सचिव</td><td>सामाजिक सुरक्षा</td><td>१३६८००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३६८००/-</td></tr>
</table>
</td>
<td>२३६८००/-</td>
</tr>
<tr>
<td>१६.</td>
<td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषमा रकम जम्मा गरेको देखिएन ।</td>
<td></td>
</tr>
<tr>
<td></td>
<td>उपभोक्ता समितिमार्फत कार्यः यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।</td>
<td></td>
</tr>
<tr>
<td>१७.</td>
<td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।उपभोक्ता समितिको गठन विधि , आधार  उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>१८.</td>
<td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१९.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>लक्षित समूह खर्च : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालीकाले देहायका वितरणमुखी कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यक्रमा सुधार हुनु पर्दछ ।
<table>
<tr><th>सि नं</th><th>विवरण</th></tr>
<tr><td>१</td><td>बोका खरिद तथा वितरण रु ३०४०००।००</td></tr>
<tr><td>२</td><td>१५५०० वटा फलफूलका विरुवा खरिद ,६१२५ थान अलैची विरुवा खरिद वितरण रु ५६००००।००</td></tr>
<tr><td>३</td><td>कम्बल खरिद वितरण रु २००००००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.</td><td>कन्टिन्जेन्सी : यस वर्ष कन्टिन्जेन्सीमा रु.३२,०९,७८८।००खर्च लेखेको छ । सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम योजनागत रुपमा कन्टिन्जेन्सीको हिसाब राखी नियमले तोकेको शीर्षक भित्र रहेर खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष रु ३२०९७८८।०० कन्टिन्जेन्सी खर्च गरेको छ ।<br><br>(क) कार्यालयले योजनागत कन्टिन्जेन्सी खर्च खाता नराखेकाले कुन योजनामा कति खर्च भयो, सीमाभन्दा बढी खर्च भएको छ, छैन भनी यकिन गर्न सकिएन । अतः योजनागत खाता राख्नु पर्दछ ।<br><br>(ख) कन्टिन्जेन्सी खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि बनाई सोही परिधि भित्र रही कार्यक्रम स्वीकृत गराएर खर्च गर्नू पर्दछ । यस प्रकार कन्टिन्जेन्सी रकम सीमा भन्दा बढी खर्च र शीर्षक भन्दा वाहिर गएर खर्च नहुने</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>व्यवस्था नभएकोले यथार्थपरक कन्टिन्जेन्सी खर्च छ भनी विश्वस्त हुने अवस्था रहेन ।<br><br>(ग) ईन्जिनियर, सव ईन्जिनियरहरुलाई भ्रमण काज खटाई रु ६८८२१९।०० खर्च लेखेकोमा भ्रमणको उद्देश्य स्पष्ट काम तोकेर नलेखी योजना नाँपजाँच , निरीक्षण , अनुगमन जस्ता अमुर्त शब्दहरु भ्रमणको उद्देश्यमा लेख्ने गरेको छ । यसबाट कुन योजनाको अनुगमन, नापजाँच हो खुल्दैन  भने कुन योजना नापजाँच गरेको हो भ्रमण प्रतिबेदन समेत पेश भएन । त्यसै गरी भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण खटिने कर्मचारी हरुको अभिलेख राख्न भ्रमण अभिलेख खातामा दर्ता गरी काज खटाउनु पर्नेमा भ्रमण अभिलेख खाता समेत नराखेको बाट खटिएका सबै कर्मचारी सम्बन्धित योजनामा गएर कार्य गरेको खुल्ने कुनै आधार नदिएको हुँदा दिएको काजमा खटिएको स्थानमा पुगे नपुगे, कार्य सम्पादन गरे नगरेको, सुनिश्चितता हुनु जरुरी छ । निम्नानुसारका कर्मचारी भ्रमण खटिएको जनाइ भत्ता भुक्तानी भएकोमा भ्रमणमा कार्य गरेको खुल्ने प्रतिबेदन पेश हुनुपर्ने रु.<br>
<table>
<tr><td>नाम,थर</td><td>भ्रमण पटक</td><td>भ्रमण दिन</td><td>भुक्तानि रकम</td></tr>
<tr><td>ई. सुदिप वोहोरा</td><td>२७</td><td>१८०</td><td>२३८४९०</td></tr>
<tr><td>स.ई.गोकर्ण प्र. जोशी</td><td>२५</td><td>१५४</td><td>१९०७५०</td></tr>
<tr><td>स.ई. कृष्ण व.मल्ल</td><td>२४</td><td>१६८</td><td>१८९२७९</td></tr>
<tr><td>हर्क व. कार्की</td><td>६</td><td>४२</td><td>३७५००</td></tr>
<tr><td>गा.पा.अध्यक्ष उकेन्द्र ब. बोहोरा</td><td>४</td><td>२०</td><td>३२२००</td></tr>
<tr><td>जम्मा</td><td>८७</td><td>५७२</td><td>६८८२१९</td></tr>
</table></td><td>६८८२१९/-</td></tr>
<tr><td>२३.</td><td>भौचर नम्बर २७।२०७६।३।३१ बाट अनुगमन भत्ता रु ५७६०००/- खर्च लेखेकोमा गा. पा. उपाध्यक्ष २८८ पटक, योजना अनुगमन समेत वडा अध्यक्ष , ईन्जिनियर, प्रा.स, लगायत कुल ८६४ पटक, योजनाको प्रति अनुगमन रु.१००० /- र सदस्यको रु. ५००/- का दरले भुक्तानी भएको छ । सबै योजना सुचारु रहेको, सम्पन्न र सफल भएको प्रतिबेदन संलग्न छ । स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ मा अनुगमनको भत्ता पाउने व्यवस्था नभएकोमा र योजना निरीक्षण नापजाँचको लागि भ्रमण भता खर्च भएको देखिएबाट अनुगमन भता दिन मिल्ने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुने रु...............................</td><td>५७६०००/-</td></tr>
<tr><td>२४.</td><td>वातावरण सरसफाइ आयोजना :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । यस शीर्षकबाट डस्टविन ३० थान झाडु, खाजा खानाका विल संलग्न गरी १०००००/- खर्च लेखेकोमा खरिद आदेश, दाखिला प्रतिबेदन वितरणका प्रमाण पेश नभएको रु.....</td><td>१०००००/-</td></tr>
<tr><td>२५.</td><td>ग्रामीण तथा नविकरणीय उर्जा:- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३।०७६।३।२९ वाट स्वास्थ्य चौकीमा सोलार जडान वापत नेपाल इन्र्जी कन्सर्न प्रा.लि., वालाजुलाई ४७३०००/- गरेको छ । सोलारको स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको प्रमाण पेश भएन भने उक्त १२ थान सोलार प्यानल २० वर्ष वारेन्टी भएकोले सो को अभिलेख अद्यावधिक गरी प्रमाणित अभिलेख समेत पेश हुनु पर्ने रु.......</td><td>४७३०००/-</td></tr>
</table>

<table>
<tr><td>२६.</td><td>पशु विकास सेवा कार्यक्रमः- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । यस कार्यक्रमबाट जमुनापारी बोका ३ वटाको रु ५७०००/- र डडेलधुराबाट वोका ढुवानी २००००/- खर्च लेखेको छ । वोका खरिद गर्नू अघि  तौल, ढ्याग, दर, पशु स्वास्थ्य परीक्षणको प्रमाण नभएको र उक्त बोका समुहसँग  सम्झौता गरी हस्तान्तरण गर्नुपर्ने र तत्पश्चात सम्झौताका शर्त पालना भए नभएको अनुगमन गर्नु पर्दछ । वोका खरिद र ढुवानीका भर्पाई  मात्र भएकोले सो प्रमाण पेश हुनुपर्ने रु..................................</td><td>७७०००/-</td></tr>
<tr><td>२७.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नं ३।२०७६।३।२७ बाट ८९५ वोट विरुवा खरिद गरी १२५०००/- भुक्तानी गरेकोमा प्रयोग नखुलेकाले सो विरुवा वितरण रोपण अनुगमन भएको प्रमाण पेश गर्नुपर्ने रु..................</td><td>१२५०००/-</td></tr>
<tr><td>२८.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ५।०७६।३।२९ बाट सवै वडा अध्यक्ष ७ जनालाई पेश्की स्वरुप रु ३८७५०००/- उपलब्ध गराएको र सो रकम हालसम्म फछ्र्योट भएको पाइएन । अतः स्विकृत कार्ययोजना र लागत अनुमान बेगर उपलब्ध गराएको रकमबाट कुनै कार्यक्रम सञ्चालन भएको नदेखिएकोले सो रकम असुल हुनु पर्ने रु.....................</td><td>३८७५०००/-</td></tr>
<tr><td>२९.</td><td>सवैका लागि शिक्षा - विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावधिक विवरण र विद्यालय किताबखानाबाट पारित तलवी प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यकिन गर्ने स्थिती छैन । निम्नानुसारका विद्यालयमा शिक्षक सेवाबाट अवकास भए पश्चात  समेत निजहरुको चौमासिक रुपमा तलव निकासा भएकोले बढी निकासा भएको रकम असुल हुनुपर्ने रु .
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकास मिति</th><th>अवकास पछिको निकासा</th></tr>
<tr><td>सेटी गाँउ मा.वि</td><td>हंशराज जोशी</td><td>२०७५।११।१८</td><td>१७०५८१।०</td></tr>
<tr><td>सेटी गाँउ मा.वि.</td><td>मान सिह बोहोरा</td><td>०७५।१२।१</td><td>११२०००।०</td></tr>
<tr><td>सेटी गाँउ मा.वि.</td><td>विर शिह माल</td><td>०७५।१२।१</td><td>११२०००।०</td></tr>
<tr><td>सरस्वती मा.वि नानरा</td><td>साडला विष्ट</td><td>०७५।१२।१</td><td>१०६६८०।०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५०१२६०।०</td></tr>
</table></td><td>५०१२६१/-</td></tr>
<tr><td>३०.</td><td>तेश्रो चौमासिक निकासामा दुर्गा मा.वि. सिमारको माग फारममा रु.१७५४४८७।७० माग गरेकोमा रु. १७६४५३२।०० निकासा  दिएकोले वढि निकासा भएको रकम असुल हुनुपर्ने रु.........................................................................</td><td>१००४४/६</td></tr>
<tr><td>३१.</td><td>मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ मा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । निम्न उपभोक्ता समितिलाइ मु.अ.कर सहित समावेश गरेर भुक्तानी गरेकोमा कर विजक पेश नभएकोले कर विजक वेगर भुक्तानी गरेको मु.अ.कर बापतको रकम असुल हुनुपर्ने रु.............................</td><td>१०५३१/-</td></tr>
</table>

<table>
<tr><td></td><td>१ बमुल्ला साना सिचाइ मर्मत उपभोक्ता समिति  रु.५२४१।७७<br>२ झले सिंचाइ कुलो निर्माण उपभोक्ता समिति रु.५२८९।८५<br>जम्मा रु.  १०५३१।६२</td><td></td></tr>
<tr><td>३२.</td><td>आन्तरिक श्रोत तर्फ :  भौचर न २।०७५।७९ बाट नि.स जगदिश जोशीको नाममा श्रावण, असोज र पर्व खर्च मासिक रु.१५००० /- ले हुने रु. ६००००/- खर्च लेखेकोमा सो रकम बुझाएको छैन र निजको श्रावण, असोज, पर्व खर्च भौचर नम्बर १।०७५।६।२३ बाट भुक्तानी भैसकेकोले दोहोरो रकम खर्च लेखेको र सम्बन्धितले बुझिलिएको समेत नदेखिएको हुँदा तत्कालिन लेखापाल सुरेन्द्रराज विष्ट बाट असुल हुनु पर्ने रु...............................</td><td>६००००/-</td></tr>
<tr><td>३३.</td><td>सामाजिक परिचालक हरिना जोशीको वडा नं ६ बाट २०७५ भाद्र महिना देखि मात्र हाजिर प्रमाणित भएकोमा ०७५ श्रावण देखि नै मासिक ९७००/- ले भुक्तानी भएकोमा श्रावण महिनाको हाजीर प्रमाणित बेगर भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.........</td><td>९७००/-</td></tr>
<tr><td>३४.</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रमः-  विद्यालय संचालन कर्मचारी व्यवस्थापन र सहयोगी कार्यकर्ताको पारिश्रमिक वापतको रकम निम्न भौचरबाट खर्च लेखेकोमा उक्त खर्चको भौचर स्वीकृत नभएको र सम्बन्धित विद्यालयको बैङ्क खातामा रकम दाखिला भएको प्रमाण समेत संलग्न नरहेकोले यस सम्बन्धमा  छानविन गरी सो को प्रमाण पेश हुनु पर्ने अन्यथा खर्च लेख्नेबाट असुल हुनुपर्ने रु................</td><td>६५८२०००/-</td></tr>
<tr><td>३५.</td><td><table>
<tr><th>भौ. न .मिति</th><th>विद्यालय संचालन</th><th>कर्मचारी</th><th>सहयोगि कार्यकर्ता</th></tr>
<tr><td>१।२०७५।६।२६</td><td>५५५०००</td><td>१३०७५००</td><td>८७००००</td></tr>
<tr><td>२।०७५।७।२०</td><td>१२५०००</td><td>२५७५००</td><td>१२००००</td></tr>
<tr><td>३।०७५।८।२१</td><td>२५५०००</td><td>४३७५००</td><td>३३००००</td></tr>
<tr><td>४।०७५।११।१९</td><td></td><td>१५६८५००</td><td>१०८६०००</td></tr>
<tr><td>जम्मा</td><td>९३५०००</td><td>३५७१०००</td><td>२०७६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>कार्यक्रम कार्यान्वयन पुस्तीका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.६३६ मा अनुमति प्राप्तगरी संञ्चालनमा रहेका  र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान  दिन सकिने व्यवस्था छ । यस सम्बन्धमा विद्यालयमा विद्यार्थी शिक्षक अनुपातको प्रमाण, शिक्षक नियुक्तीको प्रमाण संलग्न नगरी निम्नानुसारका शिर्षकबाट विद्यालयलाइ रकम निकासा अनुदान दिएको पाइयो । यस प्रकार शिक्षण सिकाइ सहयोग अनुदान शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट उपलब्ध हुने व्यवस्था हुँदाहुँदै आधार प्रमाण बेगर दोहोरो तथा अनावश्यक खर्च हुने स्थितिमा निकासा दिएको रकम सहि प्रयोग नहुन सक्ने देखिन्छ । अतः उक्त विद्यालयमा शिक्षक आवश्यक पर्ने आधार प्रमाण र मानव श्रोत विकास केन्द्रबाट रकम प्राप्त नभएको प्रमाण वेगरको निकासा असुल हुने रु......................................................<br><table>
<tr><th>शिर्षक</th><th>भौ. मिति</th><th>विद्यालय</th><th>रकम</th></tr>
<tr><td>वित्तीय समानीकरण (चालु)</td><td>२४७।०७६।२।८</td><td>५४ वटा</td><td>६०५१५५२</td></tr>
</table></td><td>११३७३१७८/-</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| वित्तीय समानीकरण (चालु) | २३१।०७६।१।२७ | ४९ वटा | ४९२०००० |
| वित्तीय समानीकरण (चालु) | २३१।०७६।१।२७ | २४ वटा | ४०१६२६ |
| | | जम्मा | ११३७३१७८ |

| | | |
|---|---|---|
| ३७. | आयकर ऐन २०५८को दफा ८७,८८ र ८९ मा कर कट्टा गर्नु पर्ने व्यवस्था छ । भौचर नम्बर २५।०७६।३।२६ बाट महादेव मा.वि. पन्सेरालाई विज्ञान प्रयोगशाला वापत रु. ६५००००/- भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टा नगरेकाले असुल हुने रु.................. | ९७५०/- |
| ३८. | समैजि मा. वि. गन्नालाई शौचालय निर्माणको रु.६७२०००/-भुक्तानी गर्दा रु. १९८२२।२५ मु.अ.कर थप गरी खर्च लेखेकोमा रु.१७११५।०९ को मात्र कर विजक पेश भएकोले कर विजक भन्दा बढी भुक्तानी गरेको मु.अ.कर वापतको रकम असुल हुने रु. | २७०७/१६ |
| ३९. | आयकर ऐन २०५८को दफा ८७,८८ र ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भौचर नम्बर २७।०७६।३।२६ दुर्गा मा.वि. सिमारलाई विज्ञान प्रयोगशाला निर्माणको विल भर्पाईको ६५००००/- भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा नगरेकोले असुल हुने रु............... | ९७५०/- |
| ४०. | भौचर नम्बर ३०।२०७६।३।२७ बाट मण्डेश्वरी मा. वि. लाई शौचालय निर्माणको रु ६७२०००/-भुक्तानी गरेकोमा संलग्न फोटोमा रङ रोगन भएको देखिएन । तर रंगरोगन बापत रु. १२०६६।१४ (मु.अ. कर सहित) समाावेश भएकाले काम नगरेको आइटमको रकम असुल हुने रु.......... | १२०६६/१४ |
| ४१. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३१ बाट डाँडाबाग आधारभुत विद्यालय शौचालय निर्माणको रु.६७२००० /- भुक्तानी गर्दा रु.२५१७७/- को कर विजक संलग्न भएकोमा कार्यसम्पन्न प्रतिबेदनमा २९४८४।३८ समाबेश गरी भुक्तानी भएकोले कर विजक भन्दा बढी भुत्तानी भएको रकम असुल हुने रु ............ | ४३०७/३८ |
| ४२. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३२।०७६।३।२७ बाट कफलासैनी मा.वि ४ कोठे भवन निर्माण गरी गत बर्षको पे.फ. रु.१८०००००/- बाँकी भुक्तानी रु.१८००००० /- समेत रु.३६०००००/- निकासा भएकोमा सम्झौता अनुसार कार्यालयको अंश ७८.५१४ प्रतिशत, उपभोक्ता अंश २१.४८६ प्रतिशत देखिन्छ । सो बमोजिम कुल कार्य सम्पन्न भएको रु. ४१०१५३६।६४ को आधारमा कार्यालयले बेहोर्ने अंश रु.३२२०२८०।२६ मात्र हुने भएकोले सम्झौताको शर्त भन्दा आनुपातिक रुपमा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...................................................... | ३७९७१८.७२ |
| ४३. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३३।०७६।३।२७ बाट डाँडाबाग आ.वि खुमरको २ कोठे ट्रस भवन निर्माण वापत रु.१५३६०००/- भुक्तानि गरेकोमा कुल ल. ई.रु .२१३११९७।३३ भएको र सो बमोजिम अनुदानको अंश कार्यालयको ७३.१९८ प्रतिशत र उपभोक्ता समितिको २६.८० प्रतिशत हुने देखिन्छ । अतः कुल कार्य सम्पन्न १८४४०५२।४९ भएको हुँदा सो बमोजिम कार्यालयले व्यहोर्ने आनुपातिक अंश रु | १८६१९०/४५ |

| | | |
|---|---|---|
| | १३४९८०९।५४ मात्र भएकोले वढी अनुपातमा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु............................ | |
| ४४. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३४।०७६।३।२७ बाट लटिनाथ आ.वि.अमरखेत २ कोठे ट्रस भवन निर्माण वापत रु.१५३६०००/- भुक्तानि गरेकोमा कुल ल.ई रु. २१३११९७।३३ भएको र सो बमोजिम अनुदानको अंश कार्यालयको ७३.१९८ प्रतिशत र उपभोक्ता समितिको २६.८० प्रतिशत हुने देखिन्छ । अतः कुल कार्य सम्पन्न १८७१५५७।३८ भएको हुंदा सो बमोजिम कार्यालयले व्यहोर्ने आनुपातिक अंश रु १३६९९४२।५६ मात्र भएकोले वढि अनुपातमा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु................................ | १६६०५७/४० |
| ४५. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ। भौचर नम्बर ३५।०७६।३।३१ बाट लटीनाथ आधारभुत विद्यालय छेपट्टालाई रु.१००००००/- एकमुष्ट अनुदान दिएकोमा कुन कार्यक्रमको के बापत कुन शर्तमा दिइएको हो सो को विवरण वापत विल भर्पाइ, कार्यसम्पन्न जस्ता प्रमाण कागजात वेगर दिएको निकासाको पुस्ट्याई पेश हुने अन्यथा असुल गर्नुपर्ने रु.................. | १००००००/- |
| ४६. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ। भौचर नम्बर ३८।०७६।३।३१ बाट दुर्गा मा.वि. सीमार लाई ल्याब ब्यवस्थापन बापत रु ५१९२००। भुक्तानी दिएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को प्रावधान बमोजिम काम सम्पन्न भएका प्रमाण कागजात संलग्न नभएको रु. ............... | ५१९२००/- |
| ४७. | **प्राथमिक स्वास्थ्य सेवा :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ। भौचर नम्बर १०।०७६।१।१४ बाट अ.हे.व. शंकर ब. विष्टलाई कार्तिक देखि चैत्र सम्मको तलव भत्ता र पोशाक खर्च समेत कुल रु.१४३०२०/- भुक्तानी भएको छ । ६ महिनासम्म तलव भत्ता नदिनाको कारण नखुलाएको, करार सेवाको सम्झौता नरहेको, विदा, हाजिर प्रमाणित नभएको अवस्थामा पारिश्रमिक भुक्तानी गर्ने आधार नदेखिएको हुँदा सो प्रमाण पेश हुनुपर्ने अन्यथा असुल पर्ने रु.......................... | १४३०२०/- |
| ४८. | भौचर नम्बर १७।०७६।३।२० : आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक आयमा कर लाग्ने व्यवस्था छ। ६ स्वास्थ चौकीको फिल्ड भत्ता रु १११०००/- भुक्तानी गर्दा सामाजिक सुरक्षा कर कट्टा नगरेकोले असुल गरी कर दाखिला हुनुपर्ने रु..................................... | १११०/- |
| ४९. | **एकिकृत स्वास्थ्य** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ। भौचर नम्बर ३।०७५।७।१६ बाट गोश्वारा भौचर सदर नगराई कुनै ब्यहोरा विवरण नखुलाई रु २९१०००/- खर्च जनाएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्नेमा आधार प्रमाण र स्वीकृती वेगर बजेट खर्च लेखेको रकम खर्च लेख्नेबाट असुल गर्नुपर्ने रु........................................................ | २९१०००/- |
| ५०. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न | |

| | | |
|---|---|---|
| | नमिल्ने व्यवस्था छ । भौचर नम्बर ४।०७५।७।१९ बाट डायनामिक मेडिसिन सप्लायर्ससँग औषधी खरिद गरी रु.९०००२०/- मध्ये कर कट्टा गरी खुद खर्च रु.८८६५२०/- भएकोमा बिक्रेताले नविल बैङ्कको खाता नम्बर २९०१०१७५००७२५ मा रकम जम्मा गरीदिन अनुरोध गरेकोमा राम सिंह खत्रीको नाममा चेक तयार गरी उक्त चेक रद्ध गरी पुनः अर्को चेकबाट खर्च लेखिएकोमा सो रकम सम्बन्धितको बैङ्क खातामा दाखिला भएको नदेखिएकोले उक्त बैङक खातामा जम्मा भएको प्रमाण पेश पर्ने रु................ | ८८६५२०/- |
| ५१. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर १३।०७५।१०।१७ बाट न्यानो झोला ३०० थान खरिद गरी ३०५१००/- खर्च लेखेकोमा २६३ जना शिशु जन्मको विवरण पेश भएकोले ३७ थान न्यानो झोलाको रु ३७०००।०० असूल हुनुपर्ने रु..................... | ३७०००/- |
| ५२. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर १८।०७५।११।१६ बाट राम सिंह खत्री कार्यक्रम संचालन पेश्की फछ्र्यौट गरी सोको भुक्तनी समेत कुल रु. ३१००३०/- खर्च लेखेकोमा भुवन प्रसाद जोशी ७६००/- र दौतल धमाल ५१०/- गरी रु ८११०/- रकम नबुझाएको नदेखिएकोले असुल हुनुपर्ने रु................ | ८११०/- |
| ५३. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा विल भर्पाइ वेगर खर्च लेख्न नमिल्ने व्यवस्था छ । भौचर नम्बर ३२।०७६।३।२७ बाट खोप महिनाको कार्यक्रमको खर्च ३५०००/- भनी राम सिंह खत्रीलाई पेश्की फछ्र्योट गरेकोमा ३२३४०/- को मात्र विल भर्पाइ रहेकोले विल भर्पाइ भन्दा बढी पेश्की फछ्र्योट गरेको रकम असुल हुने रु..................... | २६६०/- |
| ५४. | **ग्रामिण जलस्रोत ब्यबस्थापन परियोजनाः-** यस परियोजना अन्तर्गत विभिन्न खानेपानी योजना तथा शौचालय निर्माण कार्यमा रु १४१५७४४१।०० खर्च भएको छ । उपभोक्ता समिति मार्फत निर्माणाधिन आयोजनाहरुको विवरण निम्नानुसार छन । | |

| **योजनाको नाम** | **ल.ई.** | **खर्च** | **सम्पन्न हुने मिति** |
|---|---|---|---|
| धारापानि खाा.पा | ९२८७०६७५७ | ५६७९४०६।९६ | २०७६।८।३० |
| तुषराड कटाल खा.पा | ५५१०१८५।७० | ३००८००० | ०७६।६।३० म्याद थप ३ पटक |
| दलितटोल विनाबस्ती खा.पा | ४४८०२३७७० | २६१३००० | ०७६।६।३० म्याद थप ३ पटक |
| जमिरखोला बहुउपयोगी खा.पा. तथा आधुनिक सिचाई योजना | ६६९७५६१।२० | ३०७२६७३।०८ | ०७६।१०।३० |

तुषराड कराल खा.पा. योजनाको २०७६।३।३० म्याद रहेकोमा मुल विवादको कारण जनाई २०७६।४।२२ को गाउँ कार्यपालिकाको निर्णयबाट ३ महिनाको म्याद थप भएको छ ।

| | | |
|---|---|---|
| ५५. | उपभोक्ता समिति र गाउँपालिका वीच भएको सम्झौतामा उपभोक्ता समितिले खरिद भएका सामाग्रि ढुवानी गर्नु अगावै प्राविधिक व्यक्तिहरुको सहयोगमा सामाग्रीको गुणस्तर परीक्षण गर्ने सवै आर्थिक कारोवारको सार्वजानिक रुपमा परीक्षण गरिने उल्लेख छ । त्यस्तै गरी सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११५ को उपनियम १-८ सम्म सामाग्रीको निरीक्षण, परीक्षण गर्नुपर्ने र यसरी गुणस्तर परीक्षण पास भएका सामाग्रीको मात्र आम्दानी बाँधी भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता | |

समितिले निर्माण सामाग्री खरिद गरेका विल भर्पाइ वमोजिम पेश्की फछ्र्योट् गरी भुक्तानी हुँदा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न नगरेबाट योजनामा गुणस्तरीय सामाग्रीको प्रयोग भएकोमा आश्वस्त हुने अवस्था रहेन । यस सम्बन्धमा गुणस्तरीय सामाग्रीको प्रयोग भएको सुनिश्चित गराउनु पर्दछ ।

| **योजना** | **सामाग्री वितरण** | **खर्च रकम** |
|---|---|---|
| धारापानी खानेपानी | पाइप फिटिङ्स समेत | २२६३७९१।६९ |
| तुषराड कटाल खा.पा. | पाइप फिटिङ्स समेत | १४८५५१६।३४ |
| दलितटोल विनाबस्ती | पाइप फिटिङ्स समेत | ९६९७९२।७२ |
| जमिरखाल बहुउपयोगी खा.पा तथा आधुनिक सिंचाई आयोजना | पाइप फिटिङ्स समेत | १४६७२२०।६२ |
| | जम्मा | ५२१६५२८।६६ |

५६. **सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गाउँकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् ।

१)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्यअनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकामा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।

२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोभै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोभै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मूत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख

| | | |
|---|---|---|
| | समेत पेश नगरेबाट भिडान गर्न सकिएन । | |
| ५७. | **भ्रमण अभिलेख तथा काज**: स.ले.पा.. सुरेन्द्र राज विष्ट २०७५।६।२२ देखि ६।२५ गते सम्म काठमाडौ काजमा गएको स्वीकृती भ्रमण आदेशमा उल्लेख भएकोमा हाजिरी रजिष्टरमा निजले हाजिरी जनाएकोले निजले लिएको भ्रमण खर्च रकम रु..६६००।०० असुल हुनपर्ने रु | ६६००/- |
| ५८. | आयकर ऐन २०५८ मा रोजगारी आयमा आयकर वापतको रकम कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था छ । यस वर्ष गाँउपालिका अध्यक्ष उकेन्द्र बोहोराले रु ३,७३,२००/- वार्षिक संचार र पारिश्रमिक मासिक यातायात सुविधा वापत रु १२,००००/- का दरले ४ महिनाको ४,८०,०००।०० नगदै भुक्तानी लिएकोमा कर कट्टा गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.... | ९९९६०/- |
| ५९. | प्रदेशका स्थानीय तहमा पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन २०७५ मा अध्यक्षलाई यातायात सुविधा वापत नगदै मासिक यातायात सुविधा दिने व्यबस्था छैन । तर गाँउपालिका को २०७५।३।२६ को गाँउ सभाबाट यातायात सुविधा वापत मासिक रु १२००००/- उपलब्ध गराउने निर्णय गरी रु ४,८०,०००/- नगदै वितरण गरेको देखियो । सभाको उक्त निर्णयमा डिलासैनी गाउपालिकाले सवारी साधन उपलब्ध गराएको हकमा उक्त सुविधा प्राप्त नहुने कुरा उल्लेख भएको देखिन्छ । ऐन विपरित यस्तो सुविधा वापत भुक्तानी भएको रु ......... | ४८००००/- |
| ६०. | **पदाधिकारी तथा सदस्यको सुविधा :** नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभामा र नगरशभाका सदश्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । सुदुर पश्चिम प्रदेशले स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतका आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने व्यवस्था गरे बमोजिम यस वर्ष ३८ पदाधिकारलाई गाउँपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७५ श्रावण देखि २०७६आषाढ सम्मको ) रु .४४८४९००।०० खर्च लेखेको देखियो । | |
| ६१. | **विशेष अनुदान (प्रदेश सरकार)**:-यस शीर्षकमा रु ४२,००,०००।०० निकासा भएकोमा रु.३५,४५,०३३।०० खर्च भई रु ६,५४,९६७।०० निकासा फिर्ता भएको छ । यस शिर्षकमा विनियोजित रकम जमाडिगाड जलविद्युत आयोजना उपभोक्ता समितिलाई रु ३५,४५,०३३/- भुक्तानी गरेको छ । उक्त आयोजनामा विस्तृत सर्भेक्षण, डिजाइन र लागत अनुमान पेश भएन । उक्त समितिले टर्वाइन, जेनेरेटर लगायतका मेशिन जडान गर्न रु. ९,२२,०००/- खर्चको विवरण पेश गरेपनी बिद्युत आयोजना निर्माण सम्पन्न भै सञ्चालनमा आएको पाइएन । | |
| ६२. | **वातावरणीय प्रभाव :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षण, गाउँ र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| ६३. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह | |

| | | |
|---|---|---|
| | अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र शिक्षकको तलब विद्यालय शिक्षक किताब खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेकोले पारित गराई खर्च लेख्नुपर्दछ । | |
| ६४. | आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम दोहोरो भता भुक्तानी गर्न मिल्दैन । श्रोत व्यक्ती हरेन्द्र प्रसाद जोशीलाई दोहोरो भता भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु... | ४७२८०/- |
| ६५. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यवस्था भएको छ । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन । | |
| ६६. | **स्थानीय भत्ता तथा अन्य सुविधा** -कार्यपालिकाको निर्णयको आधारमा कर्मचारीलाई प्रोत्साहन वापत रु. २८००००।०० खर्च लेखेको छ । विकास निर्माणको काममा खर्च गर्नुपर्ने रकम विभिन्न भत्ता सुविधामा खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ६७. | **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।<br><br>१)देहायका ४७ नयाँ आयोजनामा गाँउ सभाको स्वीकृती वेगर कार्यपालिकाको २७ औं बैठक समेतको निर्णयबाट मिति २०७६ जेष्ठ ८ गते रकम विनियोजन गरेको देखिएकोले अनियमित रु ................................. | ११४८९०००/- |

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १. | शहिद स्मृती भवन निर्माण | २५००००/- |
| २. | सरस्वती मा.वि.नानरामा शौचालय निर्माण | ७०००००/- |
| ३. | धावला वर्थिङ्ग सेन्टर निर्माण | २०००००/- |
| ४. | बाह्य खोप केन्द्र तथा प्रसुती सेवा भवन निर्माण आयोजना | १००००००/- |
| ५. | मा.वि. सेट्टीगाउँ फिल्ड निर्माण | २०००००/- |
| ६. | दुर्गा मा.वि. सिमार | २५००००/- |
| ७. | भूमिराज आ.वि. छत मर्मत | १०००००/- |
| ८. | मण्डेश्वरी मा.वि. धावला छाना मर्मत | २५००००/- |
| ९. | सिद्धगजुरेल मन्दिर मर्मत | १०००००/- |
| १०. | दोगाडा मन्दिर मर्मत | १०००००/- |
| ११. | गाँउघर क्लिनिक छत मर्मत ढोका निर्माण | ५००००/- |
| १२. | ६ नं. वडा कार्यालय घेरा पर्खाल मर्मत | ३०००००/- |
| १३. | सेल्तडा विद्यालय छत मर्मत | १०००००/- |
| १४. | जामिरखोला देखि सतभके घार सम्म बाटो निर्माण | ७३०००/- |
| १५. | मठैराज सिमार गोरेटो बाटो निर्माण | १०००००/- |
| १६. | डडे सेट्टिगाउँ सडक कालोपत्रे डि.पि.आर. निर्माण | ४५००००/- |
| १७. | सिप्या विप्या ठटे मठैराज डिलाशैनी सडक निर्माण | ५०००००/- |

| | | |
|---|---|---|
| १८. | कोलबगड तटबन्द आयोजना | ५००००००/- |
| १९. | सल्टेखोला तटबन्दधआयोजना | १५००००/- |
| २०. | सिमार बुगाडी तटबन्ध आयोजना | ५०००००/- |
| २१. | कल्देखोला तटबन्ध आयोजना | ४०००००/- |
| २२. | टुडीखोला सिमार तटबन्ध आयोजना | १०००००/- |
| २३. | मल्लापन्त्यौडा सिचाई नहर आयोजना | ६०००००/- |
| २४. | घारडा सिचाई आयोजना | ५०००००/- |
| २५. | जल्लेबगर सिचाई आयोजना | १५००००/- |
| २६. | डडे सिचाई आयोजना | ४०००००/- |
| २७. | तल्लातेली सिचाई पाईप खरीद | १८६०००/- |
| २८. | गाँजा खानेपानी आयोजना | ४६०००/- |
| २९. | पाईप खरीद ४ नं. वडा | २०००००/- |
| ३०. | सेटीगाँउ पाईप खरीद | ३६०००/- |
| ३१. | गन्ना बजार पाईप खरीद | १०००००/- |
| ३२. | चौसेरा मालटोल खानेपानी मर्मत | १५००००/- |
| ३३. | देवघर पुनम खानेपानी धारा निर्माण | १५००००/- |
| ३४. | लावडटोल खानेपानी टेकीं निर्माण | ४५०००/- |
| ३५. | लम्खाली खानेपानी टेकीं निर्माण | ९३०००/- |
| ३६. | बेतालथला पहिरो नियन्त्रण | ३१५०००/- |
| ३७. | लटैनाथ आ.वि.बाईम पहिरो नियन्त्रण | १०००००/- |
| ३८. | सिके मा.वि. धामीगाउ फिल्ड गेड निर्माण | ४०००००/- |
| ३९. | आदर्श आधारभुत विद्यालय छत मर्मत | १०००००/- |
| ४०. | पन्सेरा खेल मैदान निर्माण | १५००००/- |
| ४१. | आराडी हाडाकोट पाईप खरीद | १५००००/- |
| ४२. | मठैराज मा.वि. घेरपर्खाल निर्माण | ५०००००/- |
| ४३. | उमाखेत खा.पा. मर्मत | २०००००/- |
| ४४. | सेला सिचाई मर्मत | १५००००/- |
| ४५. | कर्कले खा.पा. मर्मत | ९५०००/- |
| ४६. | तल्लाद्वारी खा.पा. मर्मत | १५००००/- |
| ४७. | सामुदायिक स्वास्थ्य ईकाई | १५००००/- |
| | जम्मा | ११४८९०००/- |

**२)२५ प्रतिशतमा बढाई रकमान्तर गरेको :-** गाउँपालिकाले कार्यपालिको निर्णय नं ८ बाट वर्षान्तमा देहायका योजनामा वचत रकम उपभोक्ता समितिसँग सम्झौता भएको आयोजनामा लागत अनुमान संशोधन गरी थप भुक्तानी दिने कार्यले वित्तीय अनुशासन पालना भएको देखिएन ।

| क.सं. | आयोजनाको नाम | शुरु वजेट | थप | जम्मा |
|---|---|---|---|---|
| १. | निंगलाशैनी मन्दिरमा शौचालय निर्माण | १३६००० | ६३००० | १९९००० |
| २. | कर्कले देवझाडी सडक आयोजना | ३०००००० | २७००००० | ५७००००० |
| ३. | गन्ना गनैखान सडक आयोजना | ४०००००० | २२००००० | ६२००००० |
| ४. | गोकुलेशवर डिलाशैनी मठैराज सडक | ४५००००० | १५००००० | ६०००००० |
| ५. | मौला बगर महादेवस्थान सडक | ४००००० | १५००००० | ५५००००० |
| ६. | रुद्रेश्वर डिलाशैनी सडक | ४००००० | ४०००००० | ८०००००० |

| | | | | |
|---|---|---|---|---|
| ७. | रेरा स्वास्थ्य चौकी नगराउ वडा कार्यालय | ५०००००० | २०००००० | ७०००००० |
| ८. | घाङ्गल खोला भूसंरक्षण आयोजना | ७०००० | २००००० | २७०००० |
| ९. | डाङ्गल सिचाई पोखरी आयोजना | २६५००० | १००००० | ३६५००० |
| १०. | बाङ्गाबगर पम्पिङ्ग सिचाई आयोजना | ७२००० | १००००० | १७२००० |
| ११. | तल्लो बन्नोत पहिरो नियन्त्रण आयोजना | ५०००० | ५०००० | १००००० |
| १२. | आधुनिक घट्ट निर्माण आयोजना | २७००० | ४५००० | ७२००० |
| १३. | केघर मन्दिर घेरपर्खाल निर्माण | ४५००० | ३५००० | ८०००० |
| १४. | बर्थिङ्ग सेन्टर पूर्वाधार विकास आयोजना | ४६००० | ६५००० | १११००० |
| १५. | वडा कार्यालय तारवार र गेट निर्माण | ३६४००० | ३००००० | ६६४००० |
| १६. | समैजि आधारभुत विद्यालय फिल्ड निर्माण | १९०००० | १५०००० | ३४०००० |
| १७. | गोकुलेश्वर स्वास्थ्य चौकी पूर्वाधार विकास आयोजना | ९२००० | २६००० | ११८००० |
| १८. | रुद्रेश्वर स्वास्थ्य चौकीको १ कोठे भवन तथा फिल्ड निर्माण | १४०००० | ३५०००० | ४९०००० |
| १९. | कालापानी पोखरी सिचाई आयोजना | १८०००० | १००००० | २८०००० |
| २०. | कुणी ल्टारी पाईप खरीद | १५०००० | ५०००० | २००००० |
| २१. | सिन्नाडी खा.पा. मर्मत | १८०००० | ११५००० | २९५००० |

६८. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएको छैन ।

६९. **कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली , २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। निम्नाननुसारका विकेतालाइ कर विजक वेगर भुक्तानी गरेको छ।

| क्र. सं. | पान नं. | विजकको नाम | रकम |
|---|---|---|---|
| १ | ३०१७८१६५३ | सामाजिक विकास तथा सचेतना समाज | ४९९००५ |
| २ | ३०१७८१६५३ | सामाजिक विकास तथा सचेतना समाज | ३६७५०० |
| ३ | ६०५७४८१२९ | रेडियो सेभन स्टार | ३००००० |
| ४ | ६०१२५०६९७ | ओजस्वी आउट सोर्सिग सेन्टर | ४९९३९५ |
| ५ | | आधुनिक सिप विकास मञ्च | २०००००० |
| ६ | | सौगात एफ.एम. | २००००० |
| ७ | | ग्रिन लाईट मिडिया सेन्टर | २५०००० |

७०. आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६ मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यबस्था छ ।घाङ्गल सिमार सौगाउ खानेपानी आयोजनाको लागि २५ एम.एम. र २० एम.एम. को एच.डि.पि.ई. पाईप क्रमश: ७०० र ६०० गरी जम्मा १३०० मिटर खरीद लगायतको कार्यका लागि उपभोक्ता समितिलाई रु.४,३६,८००।—भुक्तानी भएकोमा उपभोक्ता समितिले आयव्ययमा पाईप खरीद गरेको उल्लेख गरेपनि विल समाबेश भएको देखिएन । उपभोक्ता समितिले पेश गरेको बिल बिजकको परीक्षण बेगर भुक्तानी दिने गरकोले

| | | |
|---|---|---|
| | मनासिव देखिएन । | |
| ७१. | आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६ मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने ब्यबस्था छ ।<br>(क) बेतालेश्वर होटलको बिल भर्पाइ बेगर खर्च लेखेको ले.पा. सुरेन्द्र राज विष्ट बाट असुल गर्नुपर्ने रु. ……………………….<br>(ख) वडा सचिव धन सिंह मालले संचार खर्च रु.२०,०००।- को बिल भर्पाइ बेगर पेश्की फछर्यौट गरेको रु.<br>(ग) तल्लो छेपट्टा सिचाई योजनामा रु.६,२४,०००/- उपभोक्ता समितिलाई ४ वटा ग्याभियन जालीको भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको आयव्ययमा खरिद नगरेको र बिल भर्पाइ समेत नभएकोले अनियमित देखिएको रु. | ७८०००/-<br>२००००/-<br>६,२४,०००/- |
| ७२. | **खकरीगाड जल विद्युत आयोजना :-** समपुरक अनुदानको कार्यविधि २०७५मा कुल लागतको अधिकतम ४० प्रतिशत अनुदान दिने व्यवस्था छ । ९७ कि.वा. क्षमता भएको ७९६ घरधुरीलाई लाभान्वित हुने उक्त जल विद्युत आयोजनाको कूल लागत अनुमान रु.४,७२,०६,३७२।०० देखिन्छ । उक्त आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन भईरहेकोमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले रु.२३२८००००।०० नियमित अनुदान र रु.४४८०००।०० थप अनुदान व्यहोर्ने भन्ने सम्झौता भएको छ । उक्त आयोजनाको ईलेक्ट्रो मेकानिकल उपकरण आपुर्ती जडान र परिक्षण गर्न २५ माच २०१९ मा धुलीखेल कालिञ्चोक माता जे.भि. सँग भ्याट सहित रु. ३०८,२०,७५५।६५ को सम्झौता भएको छ । उक्त आयोजनामा गाउँपालिकाले समपुरक बजेटको व्यवस्था नै नगरी समपुरकअनुदानबाट उपभोक्ता समितिलाई यस बर्ष रु. ७५४०७५५।०० भुक्तानी दिएकोले अनियमित देखिएको रु | ७५४०७५५।०० |
| ७३. | **कम्बल वितरण :-**सार्वजनिक खरीद नियमावली को नियम ९९ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउने व्यवस्था अनुरुप कार्य गराउनु पर्नेमा सो नियम विपरित आधुनिक सीप विकास मञ्चसँग सम्झौता गरी ७ नं. वडा मा १७६१ थान कम्वल न्यून आय स्तरका दलित घरधुरी छनौट गरी वितरण गर्न आधुनिक सिप विकास मञ्च सँग सम्झौता गरी रु.२० लाख भुक्तानी दिएको छ । घरधुरी छनौटको आधार स्पष्ट भएन । | |
| ७४. | **पन्सेरा खेल मैदान निर्माण :–**उपभोक्ता समितिले सम्झौता बमोजिम निर्माण कार्य गर्नुपर्दछ ।खेल मैदान निर्माणका लागि सांसद विकास कोष समेतको रु. ६२ लाख ६२ हजार वजेट विनियोजन भएकोमा रु.५०,८७,९९९।०० उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । खेल मैदान निर्माणका लागि २०७६/३/१६ मा सम्झौता भएको देखिन्छ । खेल मैदान निर्माण भएता पनि प्याराफिटको चौडाई र लेवल नमिलेको, निर्माण गरिएको संरचना चर्केको ,माटो पटान गरे पनि लेबलिंग नमिलेको, मञ्च निर्माण गर्ने कार्यादेश नभए पनि मापदण्ड बेगर निर्माण गरेको देखिनछ । निर्माण कार्य तोकिएको मापदण्डमा भएको सुनिश्चित गर्न सकिएन । | |
| ७५. | **गोकुलेश्वर डिलासैनी मठैराज सडकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्न गाउँपालिकाले हेभी मेशिनरी प्रयोग गरी नयाँ ट्र्याक खोल्दा,मर्मत सुधार गर्दा मेशिन लेवर अनुपात ८०:२० को अनुपातमा लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो । यस्तो अनुपातबाट लागत अनुमान तयार गर्ने स्वीकृत नर्म्स पेश भएन । स्वीकृत नर्म्स वेगर लागत अनुमान तयार गरी थप व्ययभार पारेको सम्बन्धमा छानविन गरी सम्बन्धितलाई जिम्मेवार बनाइनु पर्दछ । उक्त सडक आयोजनामा स्वीकृत लागत | |

अनुमान ९०:१० को अनुपातमा तयार गरेकोमा विल भुक्तानी गर्दा ८०:२० को अनुपातमा कायम हुने दरमा उपभोक्ता समितिलाई भुक्तानी गरेकोले बढि भुक्तानी गरि थप व्ययभार पारेको देखिएको रु........ २११९८४५/०९

| कार्य विवरण | सुरु सम्भौता अनुसारको दर | भुक्तानी दर | फरक दर | परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| Roadway exavation Soft Soil | ६४.८७ | ८९.०५ | २४.२७ | १२१७४.२५ | २९५४६९.०४ |
| ,, Hard Soil | ८७.७८ | ११५.५६ | २८.०५ | ४५४०.५५ | १२७३६२.४२ |
| ,, ordinary soil | २४९.५१ | ३४७.८४ | ९८.१४ | १२८८.९७ | १२६४९९.५१ |
| ,, Medium Rock | ३६२.९७ | ५७४.४२ | २११.४५ | ९९२.७६ | २०९९२५.४४ |
| ,, hard Rock | १२३२.१४ | २१६५.२९ | ९३३.१५ | १४५८.०६ | १३६०५८८.६८ |
| | | | | जम्मा | २११९८४५.०९ |

उक्त सडकमा शुरु वजेट विनियोजनमा रु. ४० लाख गरीएकोमा थप भई रु. ८० लाख कायम गरेको छ । यस वर्ष उपभोक्ता समितिले रु. ९२,६३,३६३।२७ को कार्य गरी रु. ८० लाख भुक्तानी भएको छ । उपभोक्ता समितिले पेश गरेको आयव्यय विवरणमा स्काभेटरको खर्च रु. ५१,८६,७०० उल्लेख भएको छ । नापी किताव अनुसार ४०५० मिटर लम्बाई भएको उक्त सडकमा ग्रेड सुधार गर्न खर्च भएको देखिन्छ । सडकमा ट्रयाक खोल्दा ग्रेड नमिलाएको आधारमा दोहोरो खर्च लेख्ने अवस्था सृजना भएको देखिन्छ । सडकको ग्रेड सुधार गरेको आधारमा भुक्तानी भएपनि सवारी आवागमन नभएकोले ग्रेड सुधार भएको यकिन गर्न सकिएन ।

७६. **रुद्रेश्वर डिलाशैनी सडकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्न गाउँपालिकाले हेभी मेशिनरी प्रयोग गरी नयाँ ट्रयाक खोल्दा,मर्मत सुधार गर्दा मेशिन लेवर अनुपात ८०:२० को अनुपातमा लागत अनुमान तयार गरी भुक्तानी गरेको देखियो । यस्तो अनुपातबाट लागत अनुमान तयार गर्ने स्वीकृत नर्म्स पेश भएन । स्वीकृत नर्म्स वेगर लागत अनुमान तयार गरी थप व्ययभार पारेको सम्बन्धमा छानविन गरी सम्बन्धितलाई जिम्मेवार बनाइनु पर्दछ । रुद्रेश्वर डिलासैनी सडक आयोजना र मठैराज सडक आयोजनामा स्वीकृत लागत अनुमान ९०:१० को अनुपातमा तयार गरेकोमा विल भुक्तानी गर्दा ८०:२० को अनुपातमा कायम हुने दरमा भुक्तानी गरेकोले बढि भुक्तानी गरि थप व्ययभार पारेको देखिएको रु १७८२२२५/-

| कार्य विवरण | सुरु सम्भौता अनुसारको दर | भुक्तानी दर | फरक दर | परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| Roadway exavation Soft Soil | ६४.७८ | ८९.०५ | २४.२७ | १२६८४.९६ | ३०७८६४ |
| ,, Hard Soil | ८७.७८ | ११५.५६ | २८.०५ | ४०६३.४३ | ११३९७९ |
| ,, ordinary soil | २४९.७० | ३४७.८४ | ९८.१४ | १४४७.९९ | १४७०१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ,, Medium Rock | ३६२.९७ | ५७४.४२ | २११.४५ | १०६.०७ | २२४२८ |
| ,, hard Rock | १२३२.१४ | २१६५.२९ | ९३३.१५ | १२७६.२६ | ११९०९४२ |
| जम्मा | | | | | १७८२२२५ |

७७. **कार्य सम्पन्न प्रतिवेदनः**–सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२५ मा खरिद सम्झौताको अवधिभित्र कार्य सम्पन्न गरि प्रतिवेदन तयार गर्नु पर्दछ । गाउँपालिकाले यस वर्ष ३३६ आयोजनाको रु. ९,७९,७९,६०० को वजेट स्वीकृत गरी रु. ८९३,२४,०९५।०० खर्च गरेको छ । प्राय जसो आयोजनाको कार्य सम्पन्न प्रतिवेदन बर्षान्तमा गरेको, पूर्वाधार शाखाको ईन्जिनियर, सव ईन्जिनियर बिदामा रहेकोले कार्यपालिकाको निर्णय नं. ३ (२०७६ असार २४) अनुसार अ.स.ई. श्री भान बहादुर पाललाई जिम्मेवारी दिई पूर्वाधार शाखाका प्रमुखको रुपमा कामकाज गर्न तोकीएको देखियो । अन्तिम समयमा सबै आयोजनाको प्राविधिक नापजाँच गर्न एक व्यक्तिबाट सम्भव हुने देखिदैन तर नापजाँच भै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । ट्याक खोलेका र स्तर सुधार गरेका मोटर बाटोमा सवारी साधन आवागमन भएको समेत देखिदैन । तसर्थ कार्य सम्पन्न प्रतिवेदनमा विश्वस्त गर्ने आधार नभएकोले कार्यान्वयन गरेको योजना तोकीएको मापदण्ड अनुसार भएको सुनिश्चित गर्न सकिएन । यस वर्ष सडक निर्माणमा रु.४९३,१५,९६१।–खर्च भएको छ । सडक निर्माण अन्तर्गत गाउँपालिकाले सडक सुधार गर्ने नयाँ ट्र्याक खोल्ने लगायतका कार्य गरेको जनाई उपभोक्ता समितिलाई रकम भुक्तानी गर्ने गरेको छ । सडकको ईन्भेन्ट्री नभएको, ट्याक सुधार /नयाँ ट्याक खोलेकोमा चेनेज स्पष्ट नभएको ,क्रमागत र नयाँ योजना बिभाजन नगरेको, रोडको डि.पि.आर. तयार गरी वजेट विनियोजन नगरेको देखिन्छ । तसर्थ यस सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

७८. **कार्य सम्पन्न प्रतिवेदनः**–सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२५ मा खरिद सम्झौताको अवधिभित्र कार्य सम्पन्न गरि प्रतिवेदन तयार गर्नु पर्दछ । कर्कले देवझाडी सडक आयोजनामा ३२८० मिटर लामो ट्र्याक खोल्नको लागि उपभोक्ता समितिसँग सम्झौता भएकोमा २९०० मिटर चेनेज सम्म कार्य भएको देखिन्छ । उक्त कार्यको शुरु लागत अनुमान ३० लाख रहेकोमा २७ लाख थप गरी रु ५७ लाख कायम गरेको देखिन्छ । उक्त ट्र्याक खोल्ने कार्यको कार्य सम्पन्न बेगर रु. ५६,२९,१९५।– भुक्तानी भएको र भौचर साथ संलग्न कागजातमा उपभोक्ता समितिले निङ्लाशैनी कन्सट्रक्शनलाई रु. ३१,७४,७९० स्काभेटर प्रयोग वापत रकम भुक्तानी गरेको भर्पाई पेश गरेकोमा आयकर ऐन २०५८ बमोजिम बहाल कर रु ३१७४७९।०० कट्टा गरेको नदेखिएको रु — ३१७४७९/-

७९. **आन्तरीक आय** : आर्थिक कार्यविधि ऐन २०५५को दफा १२ मा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम बैक दाखिला गर्नुपर्दछ । निम्न वडाबाट रकम दाखिला नभएको देखिएकाले कामकाज गर्नेबाट असुल उपर गर्नुपर्ने रु. — ९०८०४/-

| कार्यालय | रकम रु. |
|---|---|
| डिलाशैनी गा.पा. कार्यालय | २७२६० |
| डिलाशैनी वार्ड नं.१ को कार्यालय, | ३६६९२ |
| डिलाशैनी वार्ड नं.२ को कार्यालय, | २६८५२ |

८०. **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा

आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । समयमा आन्तरीक लेखापरीक्षण गराउनुपर्नेमा २०७६।५।९ मा कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीबाट आन्तरीक लेखापरीक्षण भएको प्रतिवेदनबाट देखिन्छ । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट भएको देखिएन । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरा असूल फछ्र्यौट हुनु पर्ने रु. ४९८४२७/-

| बेरुजु दफा नं. | व्यहोरा |
|---|---|
| १ | गोकुल भुमी काष्ठ फर्निचरको अग्रीम आयकर छुट रु.२८२२।– |
| ३ | म.ले.प.फा.नं. १८ बेगर भुक्तानी रु. २,५४,०००।– |
| ४. | श्रोत व्यक्ती हरेन्द्र प्रसाद जोशीलाई बढी भुक्तानी रु. ५४३०।– |
| ७. | गा.पा. अध्यक्ष उकेन्द्र बोहरा ले बढी दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोले असुल गर्नुपर्ने रु. ९,६००।– |
| १० | शौचालय निर्माण वापत समैजि मा.वि. गन्नालाई बढी भुक्तानी गरेको रु. ५५,१९४।– असुल गर्नुपर्ने । |
| ११ | गाडी धनी मनिषा पाललाई भुक्तानीमा १० प्रतिशत अग्रीम कर रु. १६९९९० र बढी भुक्तानी भएको रु. ४८३ समेत जम्मा रु. १७०,४७३।– असुल गर्नुपर्ने । |
| १४ | देउली गाड खोला घट्टबगर तटवन्ध आयोजनालाई बढी भुक्तानी भएको ले असुल उपर गर्नुपर्ने रु. ९०८।– |

८१. **सोझै खरिदः–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद कार्य सिलवन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आवश्यक सामानहरु सिलवन्दी दरभाउपत्रद्धारा खरीद नगरी निम्नानुसार रु ९७ लाख ५८ हजारको फरक फरक योजनाको लागि पटक पटक गरी सोझै खरीद गरेको नियमीत देखिएन । सोझै खरिद कार्य गरेको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | रकम |
|---|---|
| औषधी खरीद | ११,९९,७६१ |
| मेसिनरी औजार | १८,६०,१७७ |
| मसलन्द | २०,०३,४२५ |
| डि.पि.आर. निर्माण | २२,००,००० |
| गाडी भाडा | १५४६००० |
| डिजिटल बडापत्र | ६४९१८५ |

८२. आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले देहायका शिर्षकमा विनियोजित रकम देहाय अनुसार खर्च गरेकाले नियन्त्रण गर्नुपर्ने देखियो ।

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>गाडी भाडा</td><td>१५४६०००</td></tr>
<tr><td>विविध खर्च</td><td>१६०३७८०</td></tr>
<tr><td>पत्र पत्रिका छपाई तथा सूचना</td><td>१८८०६९५</td></tr>
</table>
उपरोक्त सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:<br>
(१) मु अ करमा दर्ता नभएका बिभिन्न होटलको खाजा खर्चको बिलको आधारमा वडामा र गाउँपालिका कार्यालयमा खाजा खर्च गरेकोमा बैठकको माईन्युट, बैठक बसेको दिन, संख्या नखुलेको ।<br>
(२) पटके सम्झौता गरी गाउँपालिका अध्यक्ष लगायत बिभिन्न पदाधिकारी र कर्मचारीले गाडि भाडामा लिई भुक्तानी गरेको प्रयोजन स्पस्ट नखुलेको, गाडी भाडामा पटके रुपमा लिएको औचित्यपुष्टि हुनु पर्दछ ।<br>
(३) पदाधिकारी र गाउँपालिका अध्यक्ष ,उपाध्यक्षको सुभकामना सन्देस छपाई गरेको उल्लेख गरी भुक्तानि दिने गरेको, बिज्ञापन र सुचना प्रसारणको हकमा एकरुपता नरहेको । स्पस्ट मापदण्ड नतोकेको ।
</td>
<td></td>
</tr>
<tr>
<td>८३.</td>
<td>
सुदुर पश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्बन्धी ऐन २०७५ मा १२ महिनाको पारिश्रमिक पाउने व्यवस्था छ । वडा नं. ६ का पदाधिकारीहरुलाई ३ महिनाको बढी पारिश्रमिक भुक्तानी गरेको रु.१२०००० ।००सम्बन्धितबाट असुल गर्नुपर्ने रु....................
<table>
<tr><td>कर्मचारीको नाम</td><td>रकम</td></tr>
<tr><td>बडा अध्यक्ष श्री बल बहादुर माल</td><td>६०,०००</td></tr>
<tr><td>अमर नाथ</td><td>१५०००</td></tr>
<tr><td>कुमार लुहार</td><td>१५०००</td></tr>
<tr><td>कृपा लुहार</td><td>१५०००</td></tr>
<tr><td>कमल कठायत</td><td>१५०००</td></tr>
</table>
</td>
<td>१२००००/-</td>
</tr>
<tr>
<td>८४.</td>
<td>डि.पि.आर. निर्माण :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्षेत्रगत शर्तमा परामर्शदाताको मूख्य जनशक्तिको काम,तथा योजना र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सम्भौता बमोजिमको कार्य तालिकामा दोहोरो नपर्ने गरी सोही व्यक्ति अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने समेत व्यहोरा समावेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा र अन्य सार्वजनिक निकायमा करार सेवा र स्थायी सेवामा पूर्णकालिन रुपमा मूख्य जनशक्तिको रुपमा परामर्श सेवा उपलव्ध गराएका र तोकिएको योग्यता नभएकाबाट यस वर्ष एकै अवधिमा गन्ना गनै खान सडक/कर्कले देवमार्ग सडक/मौलाबगर महादेवस्थान /सेरा स्वास्थ्य चौकी नगराउ वडा कार्यालय/रुद्रेश्वर डिलाशैनी सडकको डि.पि.आर.</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
तयार गर्न ई सुदिप बोहरा लाई भौचर नं. २१६/२०७६/०१/२० मा पेश्की दिई २० लाख सम्झौता वेगर भुक्तानी दिएको देखिएकोले दोहोरो सुविधा सार्वजनिक निकायबाट(दैनिक भ्रमण भता समेत) लिएको कर्मचारीको रकम सम्बन्धितबाट छानविन गरी असूल गर्नुपर्ने रु ..
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>ई. सुदिप बोहरा</td><td>२,३९,६२५।–</td></tr>
<tr><td>ई. सन्तोष पाण्डे</td><td>२,३९,६२५।–</td></tr>
<tr><td>ई. ईश्वर पन्त</td><td>२,३९,६२५।–</td></tr>
<tr><td>स.ई. कृष्ण बहादुर माल</td><td>१,८०,२२५।–</td></tr>
<tr><td>स.ई. गोकर्ण प्रसाद जोशी</td><td>१,८०,२२५।–</td></tr>
<tr><td>स.ई.जयराज भट्ट</td><td>१,८०,२२५।–</td></tr>
<tr><td>स.ई.केशव सिंह भट्ट</td><td>५६,११५।–</td></tr>
<tr><td>अ.स.ई. सुरेन्द्र सिंह माल</td><td>५६,११५।–</td></tr>
<tr><td>अ.स.ई. रमेश भट्ट</td><td>५६,११५।–</td></tr>
<tr><td>अ.स.ई.प्रकाश जोशी</td><td>५६,११५।–</td></tr>
<tr><td>अ.स.ई. भानदेव नाथ .</td><td>५६,११५।–</td></tr>
<tr><td>क.अ.राजेन्द्र सावद .</td><td>७२,८२०।–</td></tr>
<tr><td>ई. सुदिप बोहरा र गोकर्ण प्रसाद जोशी</td><td>५०००००।–</td></tr>
</table>
</td>
<td>२१८०९४०/-</td>
</tr>
</table>

अनुसूची- १

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | बैतडी | डिलासैनी गाउपालिका | ९३७७ | ९३७७४ | २७३७८२ | ३२२७ | ३७०७८३ | ६२५२० | ८९३२४ | २२०७५४ | ३७२५९८ | ७५६२ |

अनुसूची– २

## डिलासैनी गाउपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बैतडी | डिलासैनी गाउपालिका | ३५ | ५० | ५६४५४ | ० | ० | ० | ३५ | ५० | ५६४५४ | ६९५५ | २३९५६ | २५३०६ | ० | ० | ४९२६२ | ० | २३७ | २३७ |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैतडी | डिलासैनी गाउपालिका | २१७२२ | ० | २१७२२ | ० | ५६४५४ | ७८१७६ |